# ५९ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री केदारनाथ उपाध्यायले दिनुभएको मन्तब्य

सम्माननीय प्रधानमन्त्रीज्यू,
सम्माननीय प्रधान न्यायाधिशज्यू,
सम्माननीय सभामुखज्यू,
माननीय मन्त्रीज्यूहरू,
संवैधानिक अंगका प्रमुखज्यूहरु,
महामहिम राजदुतज्यूहरू र संयुक्त राष्ट्र संघ एवं विभिन्न मिसनका पदाधिकारीज्यूहरु,
राजनैतिक दलका नेता तथा प्रतिनिधिज्यूहरू, व्यवस्थापिका संसदका माननीय सांसदज्यूहरु,
अन्य विशिष्ट पदाधिकारी एवं अतिथिज्यूहरु,

५९ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा आयोजित यस कार्यक्रममा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरूलाई आयोगको तर्फबाट र आफ्नो तर्फबाट समेत म स्वागत गर्न चाहन्छु ।

द्वितिय विश्वयुद्धको विभिषिका बाट भएको क्षति र नरसंहार मानव सभ्यताको इतिहासमा अमिट कलंकको रूपमा रहेको छ । विश्व युद्ध पश्चात स्थापित भएका विश्वका प्रमुख राष्ट्रहरूले आम नागरिकहरूको अधिकार कुण्ठित गर्न कसरी तानाशाहहरूको उत्पत्ति हुँदा रहेछन् र नागरिक प्रति उनीहरू कति हद सम्म कुर हुदाँ रहेछन भन्ने कुराको अनुभुत गरेकोले मानव अधिकारको सम्मान, संरक्षणमा विश्व समुदायको चासो र निगरानीको विषय बनेको सर्वविदितै छ । यसै उद्देश्य प्राप्तिका लागि संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूका निम्ति मार्ग दर्शनको रूपमा सन् १९४८ डिसेम्वर १० का दिन मानव अधिकार सम्बन्धि विश्वव्यापी घोषणापत्र, १९४८ को प्रार्दुभाव भयो । यो घोषणापत्र आधा शताब्दी भन्दा वढि अवधिदेखि विश्वमा मानव जातिको प्रेरणाको स्रोत रहेको छ ।

मानव अधिकारका अबका कार्यहरुमा सवै मानव अधिकार सवैका निम्ति हुनु पर्दछ भन्ने हाम्रो मान्यता छ । शिक्षा स्वास्थ्य र विकासका अन्य अवसरहरु सवै मानव सन्ततिले समानताको आधारमा पाउनु पर्छ । विश्वका विकासोन्मुख मुलुकहरुका अरबौं मानिस यस्ता अवसरवाट वञ्चित छन् । जीवनको आधारभुत आवश्यकताबाट विमुख, विपन्नता, अशिक्षा र रोगले रुग्ण भै जीवन व्यतित गर्दै आइरहेका व्यक्तिहरुको लागि वर्तमान अवस्थामा यो कति सार्न्दभिक छ सवैलाई विदितै छ ।

विगत ५०/६० वर्ष भित्र विज्ञान र प्रविधिमा भएको उन्नति र उपलब्धिहरुको लाभ र अन्य अवसरहरु त्यस्ता व्यक्तिको पहुँच बाहिर रहन गएको छ । यद्यपि संयुक्त राष्ट्र संघको स्थापना पछि प्रथम र द्वितिय विश्वयुद्धमा मानव सन्ततिले भोग्नु परेको व्यापक नरसंहार र पासविक यातना सोहि परिणाममा दोहोरीन पाएको छैन । तथापि प्रायः सवै विकासोन्मुख मुलुक आन्तरिक द्वन्द हिंसाले ग्रस्त भएकाले ती मूलुकहरुमा आम नागरिकले मानव अधिकार उपभोग गर्ने वातावरण बन्न सकेको छैन ।

विश्व शान्ति स्थापनार्थ संयुक्त राष्ट्र संघ र क्षेत्रीय रुपमा स्थापित सहयोगको संयन्त्र जस्तै उदाहरणीय राष्ट्रिय संयन्त्रहरु निर्माण र त्यसको सशक्त परिचालनको व्यवस्था सम्भवतः यस्ता राष्ट्रहरुको लागि वर्तमान आवश्यकता हुन सक्छ ।

विगत आधा शताब्दिको अवधिमा महापुरुषहरुले मानव सभ्यताका लागि वैज्ञानिक र आर्थिक उन्नतीको नयाँ आयामहरु थपेका छन् । राष्ट्रहरु बीच परस्परमा युद्व गर्ने, उपनिवेश वनाउने र उपनिवेशमा रहेका मानिसहरुको शोषण गर्ने संस्कारको परित्याग गरी सहयोग र भाईचाराको नयाँ संस्कार बसालेका छन् । राष्ट्रियस्तरमा मात्र होईन, जनस्तरमा

समेत प्राकृतिक विपत्ती वा युद्वकालीन संकटमा परेका मानव सन्तती विश्वका जुनसुकै कुनाका जुनसुकै धर्म, जात, जाती, संस्कृति वा निष्ठाका भएपनि सम्पुर्ण मानव जातिको उद्वारका लागि तत्पर र प्रयत्नशील रहने संस्कार विकास हुदै आएको छ ।

मानवीय भाईचाराको यो उन्नत व्यवहार र परिस्कृत संस्कारको विराशत हाम्रो यस पिंढीले पाएकोमा हामी गौरवान्वित छौ । आउँदा पिंढीका लागि मानव अधिकारका नयाँ आयाम हामीले थप्नु छ । मर्यादित, न्यायपुर्ण र शान्तिपुर्ण वातावरणमा जीवन यापन गर्न पाउने र स्वच्छ वातावरणमा विकासका पर्याप्त अवसरहरु समान रुपले उपभोग गर्न पाउने अधिकारहरु घनीभुत बनाउनका लागि यिनै सोच, समझ र भाईचाराको संस्कारले भावी दिनहरु निर्देशित हुनेछन् भन्ने मैले आशा राखेको छु ।

आज मुलुकको मानव अधिकारको स्थिति पक्कै पनि उत्साहप्रद छैन । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर हुनु यद्यपि हाम्रो लागि गौरवमय उपलब्धि थियो । नेपाली जनजीवनमा दीगो शान्तिको भरोसा बोकेको शान्ति सम्झौता शुरुका दिनमा जस्तै पछिका दिनहरुमा हाम्रो उत्साह र उमंगको संबाहक हुन सकेन । नेपाल सरकार र ने.क.पा. (माओवादी) दुवै पक्षबाट हुने गरेको एक पछि अर्को मानव अधिकार उल्लंघनका क्रमहरु अझै थामिएका छैनन् । त्यसमाथि तराई क्षेत्रमा एकाएक भड्किएको हिंसा र त्यस पछि पनि अपहरण, हिंसा र हत्याका घटना सामान्य भएका छन् । यस प्रकार मूलूकको शान्ति व्यवस्थामा स्वखलन र दण्डहीनताको राजनीतिक संस्थागतीकरण एकातिर वढेको छ भने अर्कोतिर नागरिकहरुको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको सुनिश्चित गर्ने कार्यमा स्थिति निराशाजनक रहेको छ ।

आदरणीय महानुभावहरु,
नेपालको अन्तरिम संविधान, २०६३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक हैसियत प्रदान गरी थप जिम्मेवारी समेत प्रदान गरेको छ । मानव अधिकारको विस्तारित क्षेत्र र बढ्दो कार्यबोझ तर सीमित स्रोत र साधनका कारणले निकै नै चूनौतिपूर्ण रहेको छ । मानव अधिकारको सम्मान, संरक्षण तथा सम्वर्द्धनका लागि आयोगको कार्यमा सघाउ पुर्‍याउन सरकार, राजनैतिक दल, नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लगायत सम्पूर्ण नागरिकहरूबाट सहयोग र सहभागिता प्राप्त भएमा आसन्न चुनौति सहजै पार गर्न सकिन्छ भन्ने मेरो विश्वास छ ।

आदरणीय महानुभावहरू,
मानव अधिकार, प्रजातन्त्र, विधिको शासन एक अर्काका परिपूरक हुन् । नेपालको अन्तरिम संविधानले पनि यी कुराहरूलाई पूर्ण रूपमा आत्मसात गरेको छ । त्यसैले मानव अधिकारको संरक्षणको विषयलाई छुट्टै नहेरी यिनै कुराहरूको परिप्रेक्ष्यमा समष्टिगत रूपमा हेर्नु पर्दछ भन्ने हामीलाई लाग्दछ । लोकतान्त्रिक मुल्य मान्यता र विधिको शासनको पालनामा मात्र मानव अधिकारको सूचकांक माथि उठ्ने गर्दछ । लोकतान्त्रिक व्यवस्था र जनता प्रति उत्तरदायी सरकार एक अर्काका पर्याय हुन् । त्यसैले सरकारको निर्वाचन प्रकृयाको निरन्तरता लोकतान्त्रिक व्यवस्थाको लागि मात्र आवश्यक होइन, मुलुकको शासन व्यवस्थामा सहभागी हुनका लागि, उम्मेदवार हुन वा मतदान दिन पाउने मानव अधिकार कारगत हुन पनि आवश्यक छ । सो अधिकारको उपभोगलाई सुनिश्चित गर्न स्वतन्त्र र निष्पक्ष संविधानसभाको निर्वाचनको निर्विघ्न सम्पन्नता निश्चय पनि मानव अधिकार उपभोगका लागि पूर्वाधार हो । आशा छ - तपाई प्रवुद्ध वर्गहरुबाट यसका लागि आ-आफ्नो तहबाट सशक्त भूमिका निर्वाह गरी मानव अधिकारको उपभोगको वातावरण शीघ्र स्थापित गर्न भरपूर्ण प्रयत्न गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा नेपालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छवी सुधार्न सबैको इमान्दार प्रयत्न तथा प्रतिबद्धताको लागि यस अन्तर्राष्ट्रिय मानव अधिकार दिवसमा पाल्नुहुने सबै प्रति आग्रह गर्न चाहन्छु ।

धन्यवाद